# शिक्षा पहुँचको लागि पूल

श्री प्रभाकारी मा. वि. विद्यालय खयरबानी,बेलका नगरपालिका-५, उदयपुरमा पर्दछ । यस विद्यालयमा कक्षा १ देखी १२ सम्म पठनपाठन हुनेगरेको छ भने उच्च माद्यामिक तह(११-१२)मा व्यवस्थापन,शिक्षा र मानविकी संकायमा अध्यापन भैरहेको छ। खयरवनी पारी शिखरमाडी गाउँ रहेको छ। यी दुई गाउँलाई गिदेरी खोलाले छुटाएको छ। बिगत लामो समय देखिनै शिखरमाडीका विद्यार्थी मात्रै नभएर कोतरे, तुर्लुङ्गटार र कोसे ढुङ्गा चौदण्डीबाट आधी घण्टा देखी २ घण्टा हिड्दै गिदेरी खोला तरी खयरबानीमा रएको श्री प्रभाकारी मा. वि. पढ्न आउने गरेका थिए । वर्षायाममा सानोतिनो खोलाको बहाब हेरी उनीहरु सधै खोला तर्ने ठाउँ छोडी केही तल फराकिलाे र प्रवाह कम हुने ठाउँबाट तर्ने गर्थे जसले गर्दा १०-१५ मिनेट समय बढी हिड्न पर्दथियो। वर्षा याममा खोलाको बहाब संगसँगै बग्ने ठुला ठुला ढुंगाहरु विद्यार्थीका लागि एउटा जोखिमपूर्ण यात्रा अनि स्कूल छुट्ने कारण रहन्थयो । गिदेरी खोला पूल निर्माण सम्पन्न भएसँगै खोला तरेर आफ्नो पढाई पुरा गरिरहेका विद्यार्थीका लागि भारी वर्षाको कारणले पढाई छुट्ला भन्ने अवस्था हराएको छ।



फोटो १: बाया देखी ,समिर बस्नेत र गोमा नेपाली स्कूल जादै

शिखरमाडी, बेलका न पा-५ बसोबास भई यसै विद्यालयमा बिगत ३/४ वर्षबाट खोला तरेर अध्ययन गरीरहेका दुई विद्यार्थी: समिर बस्नेत, उमेर-१४ वर्ष, कक्षा-९ र गोमा नेपाली, उमेर-१५ वर्ष हुन्। समिर बस्नेत भन्नुहुन्छ: "ठुलै बाढी आयो भने त्यती स्कूल जान सकिन्न थियो र सानोतिनो खोला हुदा हेरेर साथीहरु सँगै तर्ने गर्थ्यौं,वर्षाको बेलामा पहिले कक्षा छुट्ने गर्थ्यो अहिले बिरामी भए मात्र स्कूल छुटाउ छु " ।यसै गरी पूलनहुदा विद्यालय जानेक्रममा साथीहरुलाई घटेको घट्टना सम्झदै गोमा नेपाली भन्नुहुन्छ: "रोसिका र उनीसालाई खोला तर्न जादा खोलाले अलिकति तलसम्म बगाएको थियो र साथीहरुले मिली निकाल्यौ" । पूलबनी सकेपछि धैरै खुसि भएको भन्दै कुरा जोड्छन्, समिर बस्नेत: "पहिला खोलाबाट नै तर्न पर्थ्यो वगाउला की भन्ने डर हुन्थ्यो, यता पूलबाट भए पछि बगाऊदैन भननेर आमालाई पनि ढुक्क हुन्छ" ।



फोटो २: दाया देखी अमित थापा र भूमिका थापा साथीसंग कलेज जादै

शिखरमाडीमा कक्षा-५ सम्म मात्र विद्यालय भएकोले उच्च माद्यामिक तह (११-१२) पढ्नलाई पनि प्रभाकारी मा. वि. जाने गरेका छन्। यिनै मध्ये कक्षा १२ मा व्यवस्थापन संकाय पढ्ने भूमिका थापा, १८ वर्ष र अमित थापा,१७ वर्ष दिदीभाई हुन् । भूमिका थापा भन्नुहुन्छ: "कक्षा-५ बाट पढ्न थालेको , ठुलो बाढी हुदा घरका ठुलो मान्छे वा दाईहरुले खोला तार्दिनु हुन्थियो, कैलेकाही खोला हेरेर घर फर्केर नि जान्थ्यौयौ " र अमित थापा भन्नुहुन्छ: "अहिले बर्षामा पनि खोला/बाढीले केही छेक्दैन अनि छिट्टै स्कूल पुगिन्छ" । भविस्यमा उनिहरु बैंकिङ सम्बन्धी काम गर्ने सोचेको बताए।



*फोटो ३:विद्यार्थी लिन स्कूल बस खयरवनी र झोरपट्टा आउदै*

गिदेरी खोलाले बधिएको खयरवनी र झोरपट्टा गाउँका केही बालबालिकाहरु पनि आफ्नो ठाउँबाट टाढा रहेको विद्यालय जानथालेका छन् । सडक पूलनिर्माण सम्पन्न भएको लगतै चौदण्डीगढी -३, होर्लेनीमा रहेको ब्राइट फिउचर एकेडेमी र चौदण्डीगढी-४, बसाहा, मोती मेमोरियल अंग्रेजी स्कूल बोर्डिङका स्कूल बसहरु शिखरमाडी हुदै खयरवनी र झोरपट्टा विद्यार्थीहरु लिनलाई घरघर नै पुग्छन् । क्रमशः करिब ५ र १० किलोमीटरको दुरी र जङ्गलको बाटो भई यी स्कूल जान पर्ने भएकोले पूलनिर्माण हुनु अघि कुनै पनि बालबालिकाहरु खोला पारी पढ्न जाने गरेका थिएनन् । अहिले जानआउन नै स्कूल बसहरुको सुबिधा पाएका छन् ।

श्री प्रभाकारी मा. वि.माका शिक्षक (विद्यालय सूचना अधिकारी), उमेश घिमिरेका अनुसार खोला पार गर्नलाई कुनै पनि विकल्प थिएन, अहिले प्रदेश सरकारको लागतमा गिदेरी खोला पूल निर्माण सम्पन्न भएपछि विद्यार्थीलाई ठुलो समस्याबाट समाधान गराएको छ । उहाँ भन्नुहुन्छ: "बर्खामा खोला/नाला/ बाढीको कारणले विद्यालय अनुपस्थित हुने दर २० प्रतिशत थियो अहिले उपस्थिति दर बढेको छ । बर्खाको बेलामा आफैलाई पनि छोटो बाटोबाट आउनलाई अर्को गिदेरी खोला तर्न सकिन्न त्यसैले नियमित स्कूल बाइकमा आउनलाई यो पूलले विकल्प बाटो दिएको छ" । पूल बनेर संचालनमा आएपछि विद्यार्थी र शिक्षक दुबैले विद्यालयसम्म सुरक्षित र सहज यात्रा गर्न थालेका छन् ।



*फोटो ४: प्रभाकारी मा.विका विद्यार्थीहरु गिदेरी खोला पूल तर्दै*



*फोटो ५: प्रभाकारी मा.वि बेलका नगरपालिका-५, उदयपुरमा*

लंका राई
प्रादेशिक सडक पूल सहयोग इकाई, इटहरी
कोशी प्रदेश
असोज २०८०